# साना किसान सम्मेलन, २०७५

१. **साना किसान सम्मेलन बारे संक्षिप्त जानकारी :** मिति २०७५ कार्तिक २६ गते बसेको "साना किसान सम्मेलन २०७५" मूल आयोजक समितिको बैठकबाट २०७५ फागुन १६ र १७ गते दोश्रो "साना किसान सम्मेलन २०७५" आयोजना गर्ने निर्णय गरिएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं । **"साना किसानको समृद्धि : कृषिको रूपान्तरण र उद्यमशीलताको विकास"** मूल विषय रहेको उक्त सम्मेलनमा नीति निर्माता, अध्येता, अनुसन्धानकर्ता, कृषिकर्मीका साथै मुलुकभरिबाट आएका प्रतिनिधि साना किसानहरू समेत गरि करिब १००० जनाको सहभागिता रहनेछ । यस सम्मेलनमा साना किसान तथा कृषि क्षेत्रका अन्तरसम्बन्धित मुद्दाहरूमा केन्द्रित रही कार्यपत्र प्रस्तुति, अनुभव आदान प्रदान, केस प्रस्तुति, भिडियो प्रदर्शन, अन्तरक्रिया, समालोचना एवम् प्रश्नोत्तर हुनेछ ।

कृषिको विकासका लागि राज्यले पहल गरिरहेको वर्तमान परिप्रेक्षमा ग्रामीण स्तरमा गठित एवम् सञ्चालित सहकारी संस्थाहरूले अन्य सेवाका साथै वित्तीय सेवामा न्यून आय भएका ६४ लाखभन्दा बढी व्यक्तिहरूको पहुँच बढ्दै गएको परिणाम स्वरुप कृषिको विकासमा समेत महत्वपूर्ण योगदान रहेको विदितै छ । हाल मुलुकमा सञ्चालित करिब ३४ हजार सहकारीहरूमध्ये करिब १० हजारको संख्यामा विभिन्न विषयगत कृषि सहकारीहरू छन् जसले मूल रुपमा कृषिको विकासमा ठोस सक्रियताका साथ कार्य गरिरहेका छन् ।

यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले विगत १७ वर्षदेखि प्रमुख रुपमा साना किसान कृषि सहकारी संस्थाहरूलाई आवश्यक पर्ने विभिन्न सेवाहरू प्रदान गर्दै आएको छ । अहिले यस वित्तीय संस्थामा आबद्ध र आबद्ध हुने क्रममा रहेका समेत ९०० साना किसान कृषि सहकारीहरू साना किसानको आर्थिक एवम् सामाजिक विकासमा लागि रहेका छन् । यी सहकारीहरूले नेपालका ७ लाखभन्दा बढी विपन्न एवम् साना किसानहरूलाई समेटी यस वित्तीय संस्थाको लगानी समेत गरी रु. ४४ अर्बभन्दा बढी कृषि मूल्यशृङ्खलाका विभिन्न प्रभागहरूमा परिचालन गरेका छन् ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट पूर्ण रुपमा सेवा प्राप्त गरिरहेका साना किसान कृषि सहकारी संस्थाका प्रतिनिधि सहभागी करिब १,००० साना किसानहरूलाई कृषिको रुपान्तरण मार्फत समृद्धिको मार्गमा सशक्त रुपमा लाग्न हौसला एवम् प्रेरणा हुने अपेक्षा गरिएको छ ।

२. **लक्ष :** यस साना किसान सम्मेलन २०७५ ले मुलुकमा साना किसान मार्फत कृषिको रुपान्तरण र उद्यमशीलताको विकास गरी साना किसानको समृद्धिको लागि हालसम्म भएका प्रयास, उपलब्धिहरू र भावी कार्यदिशाका बारेमा साझा प्रतिबद्धता तर्जुमा गर्ने लक्ष्य राखेको छ । साना किसान सम्मेलन, २०७५ को लक्ष्य नेपालका सबै साना किसान कृषि सहकारीहरू र सरोकारवालाहरूलाई एकिकृत गरी एक आपसका श्रोत साधन र अनुभवका आधारमा साझेदारी निर्माण गर्नु हो । सामूहिक प्रतिबद्धता सहित समृद्धितर्फ अग्रसर हुन प्रेरित गर्दै उद्यमशीलता बढाउनका लागि रणनीति तथा कार्ययोजना संयुक्त रुपमा निर्माण गर्नु हो ।

**३. सम्मेलनका उद्देश्यहरू :**

- नेपालका ग्रामीण समुदायहरूको वर्तमान अवस्थाको समीक्षा गरी साना किसानहरूको समृद्धिका लागि कृषिको रुपान्तरण र उद्यमशीलताको विकास तथा समावेशीताका लागि सहकारी संस्थालाई आवश्यक सहयोग अभिवृद्धि गर्नु,
- राज्यको संघीय संरचनामा साना किसान कृषि सहकारीहरूको व्यवस्थापनका लागि सरकारका विभिन्न तहबाट कृषि विकासका लागि सञ्चालित कार्यक्रमहरूवारे अवगत गराउनुका साथै सम्बन्धित नीतिगत व्यवस्थाका चुनौतिहरू र समाधानका उपायहरूबारे छलफल चलाउनु ।
- सहकारीका व्यावसायिक स्वरुपहरू र साना किसानहरूको विकासका लागि समसामयिक अवधारणा लगायतका अभ्यासहरू र सिकाइहरू आदानप्रदान गर्नु,
- साना किसानहरूलाई कृषि बजार व्यवस्था, कृषि वित्तमा सहजीकरणका साथै बिमा र वैकल्पिक उर्जाका नविनतम प्रयोगहरू र सहज पहुँचका आधारहरूका बारेमा छलफल चलाउनु ।
- दीगो विकासका लागि विप्रेषणको व्यवस्थित व्यवस्था, कुशल नेतृत्व र सुशासनयुक्त सहकारीबाट सदस्यहरूले आवश्यकता अनुसारका सेवा प्राप्त गर्न सक्ने आधारहरू सुनिश्चित गर्नु आदि ।

**४. अपेक्षित नतिजा :**

- सम्मेलनका क्रममा तथा सम्मेलन पश्चात साना किसानको हितमा हुने गरि परिणमहरू प्राप्त हुने अपेक्षा राखिएको छ ।
- सम्मेलन चलिरहँदा नेपालको कृषि सहकारी क्षेत्रमार्फत साना किसानको समृद्धिको लक्षलाई प्रप्त गर्न आवश्यक सुझावहरू सबै सहभागीहरूबाट प्राप्त गरी ती सुझाव सहितको एक संयुक्त धोषणा पत्र तयार पारिने कुरा तय गरिएको छ । उक्त सुझावहरू र घोषाणापत्रले नीति निर्माताहरूलाई कृषि सहकारी क्षेत्रका सरोकारवालाहरूले अपेक्षा गरेको यस क्षेत्रको विकास बारे अवगत गराउनेछ । साथै सम्मेलनबाट प्राप्त सुझावहरू पछि सरकारी नीति तथा रणनीति निर्माणमा प्रतिविम्वित हुन सक्ने अपेक्षा पनि यस सम्मेलनबाट गरिएको छ ।
- सम्मेलन पश्चात् सबैले व्यक्त गरेका प्रतिबद्धताहरू सहितको सम्मेलनको सार प्रकाशित गरी सबै सरोकारवालाहरूलाई दिइने योजना रहेको छ । यस कार्यले जनचेतना जगाउन थप सहयोग गर्नुका साथै उक्त सारसंक्षेप प्रकाशन देश भित्रको र विश्व मञ्चमा साना किसान सम्मेलनको उपलब्धीहरूको रुपमा प्रयोग हने समेत अपेक्षा राखिएको छ । सम्मेलनका कार्यहरूको मूल्याङ्कन सम्मेलन अवधिमा एक प्रश्नावली र सर्वेद्वारा गरिनेछ । सम्मेलन सकिएपछि सम्मेलनको प्रतिवेदन पनि प्रकाशन गरिने तय गरिएको छ ।

**५. प्रमुख विषयहरू र विधि :** सम्मेलन २०७५ फागुन १६ र १७ गरी जम्मा २ दिन गर्ने प्रस्ताव गरिएको छ । उक्त २ दिनहरूमा सम्बन्धित विषयका विज्ञहरूद्वारा विभिन्न १४ वटा सत्रमा विभिन्न विषयका २६ वटा कार्यपत्रहरू, प्यानल छलफल, भिडियो प्रदर्शनी र अनुभव आदान प्रदान आदि कार्य हुनेछन् । सम्मेलनको समय तालिका यसप्रकार हुनेछ :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रथम दिन** | **समय** | ७:००-९:०० | ९:००-१०:३० | १०:३०-११:०० | ११:१०-१२:४० | १२:४०-१३:३० | १३:३०-१५:०० | १५:००-१५:३० | १५:३०-१७:०० |
| | **कार्यक्रम** | सहभागी दर्ता | उद्घाटन समारोह | चिया विश्राम | सामूहिक सत्र | खानाको समय | समानान्तर सत्र | चियाको समय | समानान्तर सत्र |
| **दोस्रो दिन** | **समय** | | ०९:००-१०:४० | १०:४०-११:०० | ११:००-१२:३० | १२:३०-१३:३० | १३:३०-१५:३० | | |
| | **कार्यक्रम** | | सामूहिक सत्र | चियाको समय | समानान्तर सत्र | खाना विश्राम | सामूहिक सत्र-घोषणापत्र एवं समापन समारोह | | |

पहिलो दिनको उद्घाटन सत्र, दोस्रो दिनको समापन सत्र र दुबै दिनका पहिला सत्रहरू संयुक्त रूपमा एउटै हलमा सञ्चालन हुनेछन् । कार्यपत्रको प्रस्तुतिपश्चात् विद्वान् समीक्षकहरूद्वारा टिप्पणी हुनेछ । सबै प्रस्तुति र टिप्पणीउपर सहभागीहरूले जिज्ञासा एवं सुझाव प्रस्तुत गर्नेछन् र सम्बन्धित व्यक्तिहरूद्वारा त्यसको प्रतिक्रिया दिइनेछ । उद्घाटन सत्रमा कार्यक्रमको उद्देश्य र सञ्चालन विधि-प्रक्रियाका बारेमा समेत जानकारी गराइनेछ भने संयुक्त घोषणापत्र समापन सत्रमा जारी हुनेछ ।

६. **सम्मेलनमा प्रदर्शनी :** सम्मेलन स्थलमा विभिन्न क्षेत्रका साना किसानहरूद्वारा उत्पादित कृषि सामाग्रीहरूको प्रदर्शनी एवं बिक्री स्टल रहनेछन् । यी स्टलहरूमा साना किसानहरूद्वारा उत्पादित चिया, मास, बेसार, अदुवा, घट्टको मकैको पिठो, भटमास, मकैको च्याँख्ला, कोदोको पिठो, फापरको पिठो, सिस्नुको पाउडर, साग, पेपिनोमेलन, किवी, अकबरे खुर्सानी, अम्लिसो, केराको चिप्स, माछाको सुकुटी, मह, तोरीको तेल, गुन्द्रुक, मनभोग चामल आदि उपलब्ध हुनेछन् ।

७. **सम्भावित सहभागीहरू :** सम्मेलनमा साना किसान कृषि सहकारी संस्था र यस साना किसान विकास लघुवित्त वित्तीय संस्थामा आबद्ध अन्य सहकारी संस्थाका अध्यक्ष/प्रबन्धक/सदस्य, नियमन निकाय, अन्य सहकारी/लघुवित्त सेवा प्रदायक संस्था, वाणिज्य बैङ्क, विकास बैङ्क एवं लघुवित्त बैङ्क, बीमासेवा प्रदायक, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिका प्रतिनिधिहरू, विभिन्न विषयका विज्ञहरू एवं कृषि सहकारीसँग सम्बन्धित व्यक्तित्वहरूसहित करिब १००० जनाको सहभागिता रहनेछ भने पदाधिकारी, स्वयम्सेवक तथा कर्मचारीहरू गरी करिब ७० जना अतिरिक्त उपस्थिति रहनेछन् । उद्घाटन तथा समापनमा विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधि तथा विद्वत वर्गहरू गरी थप २०० जनाको उपस्थिति रहनेछ ।

८. **सम्मेलनमा सहभागिताका लागि नाम दर्ता :** सम्मेलनमा सहभागिताका लागि इच्छुक व्यक्तिले आवेदन फारामका साथ तोकिएको दर्ताशुल्क २०७५ पुष मसान्तभित्रमा साना किसान विकास बैङ्कका कुनै पनि कार्यालयमा जम्मा गरिसक्नुपर्नेछ । सम्मेलन अवधिमा चिया र दिवा भोजन उपलब्ध गराईनेछ ।

९. **आयोजक कार्यालय/संस्था :** साना किसान विकास लघुवित्त वित्तीय संस्था लि, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. र साना किसान कृषि सहकारी संस्था लि.

१०. **सम्मेलनको सचिवालय कार्यालय :** सम्मेलनको सचिवालय साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को केन्द्रीय कार्यालय सुविधानगर, तिनकुने, काठमाडौंमा रहेको छ ।

११. **सम्मेलनको सम्पर्क व्यक्ति र नं.: श्री सुशीला गौतम (मो. ९८४१४०९८२९)**
सम्मेलन सचिवालय फोन नं.: ०१-४१११८२८/९२३

१२. **सम्मेलन मिति :** १६-१७ फागुन, २०७५ तदनुसार फेब्रुअरी २८ - मार्च ०१, २०१९

१३. **सम्मेलन स्थान :** होटल याक एण्ड यति, दरबारमार्ग, काठमाडौं ।

१४. **सहभागी नाम दर्ता प्रक्रिया र शुल्क :** आयोजक संस्थाका सहभागीहरूको लागि प्रति व्यक्ति रु. ८०००/- र अन्य संघ/संस्थाका लागि प्रति व्यक्ति रु.१२,०००/- शुल्क हुनेछ । यो शुल्क सहभागीको दर्ता सहभागिता शुल्क, झोला, मसलन्द र अध्ययन सामग्री, २ दिनको चिया, कुकिज तथा लन्च मात्र समावेश हुनेछ । विस्तृत जानकारीका लागि सम्मेलनको सचिवालयमा सम्पर्क गर्न सकिनेछ ।